# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/०२ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

---------------------------------------------------

सिन्धुली जिल्ला गोलन्जोर गाउँपालिकाको कार्यालय र फिक्कल गाउँपालिकाको कार्यालयका कार्यकारी अधिकृतहरुले उल्लिखित कार्यालयहरुमा सोलार जडान पश्चात भुक्तानी बापतको चेक उपलब्ध गराउनका लागि विभिन्न बहानामा घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिई गएको टोलीले गोलन्जोर गाउँपालिकाको कार्यालयका कार्यकारी अधिकृत भोला कुमार आलेलाई रु. १,५१,०००/-(एक लाख एकाउन्न हजार) र फिक्कल गाउँपालिकाको कार्यालयका कार्यकारी अधिकृत सतिश कुमार भट्टराईलाई रु. ९०,०००/-(नब्बे हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा, कार्यकारी अधिकृत भोला कुमार आलेलाई रु. १,५१,०००/-(एक लाख एकाउन्न हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) तथा कार्यकारी अधिकृत सतिश कुमार भट्टराईलाई रु.९०,०००/-(नब्बे हजार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता